# सार्वजनिक सेवा तथा क्षमता विकास समितिद्वारा प्रस्तुत आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रगति प्रतिवेदन-२०८१

मालिका गाउँपालिका

## मालिका गाउँपालिका
## अर्खावाङ्ग, गुल्मी

गाउँसभामा पेस गरेको मितिः २०८१।०३।०८ गते।

# सार्वजनिक सेवा तथा क्षमता विकास समितिका पदाधिकारीहरुको विवरणः

संयोजकः- श्री ज्ञान कुमार वुढा मगर
सदस्यः- श्री कमल सुनार
सदस्यः- श्री दिपक श्रीस
सदस्यः- श्री विनोद श्रीस
सदस्यः- श्री हिरा वहादुर कार्की
सदस्यः- श्री तुलविर कामी
सदस्य सचिवः- श्री पवित्रा सत्याल

मालिका गाँउपालिका

## पृष्ठभुमीः-

दशवर्षे जनयुद्ध र २०६२/६३ को १९ दिने जनआन्दोलनको मर्म र भावना बमोजिम २०७२ साल असोज ३ गते नेपालको संविधान जारी भयो। सङ्घीयता, समावेशिता, समाजबाद उन्मुख समतामूलक समाज स्थापना गर्ने यसका मूलभूत मान्यता हुन् र संविधान जारी भएपछि स्थानीय तह निर्वाचन, प्रदेश तह निर्वाचन, सङ्घीय तह निर्वाचनहरू सम्पन्न भई कार्यान्वयनमा आएका छन्। तिन तहका सरकारहरू मध्ये स्थानीय सरकार जनताको सबैभन्दा नजिकको आफ्नो सरकार हो भनेर स्थानीय जनताले बुझ्दछन् र हो पनि। सुशासन, पारदर्शिता, जबाफदेहिता लोकतान्त्रिक व्यवस्थाका सौन्दर्य हुन् ।

मालिका गाउँपालिकाले पनि ऐनमा भएको व्यवस्था अनुसार ज्ञान बहादुर बुढा मगरको संयोजकत्वमा सदस्यहरू कमल सुनार, दिपक श्रीस, बिनोद श्रीस हिरा, बहादुर कार्कि, तुलबिर कामी रहेको सार्वजनिक सेवा तथा क्षमता विकास समिति स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम  गठन गरिएको हो ।

## कार्यक्षेत्रः

गाउँपालिका काम, कर्तव्य र अधिकार बारे संविधानको अनुसूची ८ मा उल्लेख गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को उपदफा २ ले नगर प्रहरी गठन, सहकारी संस्था, स्थानीय कर, सेवा, शुल्क तथा दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीय तथ्याङ्क र अभिलेख व्यवस्थापन, स्थानीय आयोजना र परियोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाई, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाइ, गाउँसभा/नगरसभा मेलमिलाप र मध्यस्थकर्ताको व्यवस्थापन, स्थानीय अभिलेख व्यवस्थापन, जरगा धनी दर्ता प्रमाण पुर्जा वितरण, कृषि तथा पशुपालल, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी, जेष्ठ नागरिक,

मालिका गाँउपालिका

अपाङ्ग र अशक्तहरूको व्यवस्थापन, बेरोजगारहरूको तथ्याङ्क सङ्कलन, कृषि प्रसारणको व्यवस्थापन, लगायत २२ वटा अधिकारका क्षेत्र निर्धारण गरेको छ ।

## आर्थिक वर्ष २०८०/८१ मा भएका कार्यसम्पादन :-

- ✓ कर्मचारी संरचनामा समायानुकुल परिमार्जन गर्नुपर्ने भएकोले गाउँपालिकाको दरवन्दी पुनरालोकन गर्न संगठन तथा व्यवस्थापन (O&M Survey) गरिएको ।
- ✓ कर्मचारीको जिम्मेवारी कायम गरी जवाफदेहिता प्रबर्द्धन गर्न कार्यसम्पादन सूचकको विकास गरी कार्यसम्पादन सम्झौता गरिएको ।
- ✓ कागत बिहिन सरकार तर्फको यात्रालाई जोड दिन विद्युतिय अभिलेख तथा व्यवस्थापन प्रणालीलाई कार्यान्वयनमा ल्याईएको ।
- ✓ जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास गरी सुशासन कायम गर्न तालिमको व्यवस्था गरिएको ।
- ✓ स्थानीय शासन सञ्चालन तथा सार्वजनिक सेवा प्रवाहमा उत्कृष्ट स्थानीय तहसगँ सिकाई आदानप्रदान गर्नको लागि ललितपुर महानगरपालिका सगँ भगिनि सम्बन्ध कायम गरिएको।
- ✓ सवै वडा कार्यालय तथा गाउँपालिकाको कार्यालयमा CCTV जडान गरी कार्यालयको सुरक्षाको प्रबन्ध मिलाईएको ।
- ✓ गाउँपालिका तथा वडास्तरबाट चौमासिक रुपमा सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण कार्यलाई प्राथमिकता दिइएको ।
- ✓ घटना घटेको ३५ दिनभित्र घटना दर्ता गराउन प्रोत्साहन व्यक्तिगत घटना दर्ता सप्ताह मनाईएको ।
- ✓ सार्बजनिक स्थलहरुमा प्रतिक्षालय धारा लगायतका संरचनाहरुको निर्माण गरिएको ।
- ✓ एकिकृत घुम्ति सेवा सञ्चालन गरिएको ।

मालिका गाउँपालिका

✓ टोल विकास संस्थाको गठन प्रक्रिया अगाडी बढेको र वडा नं.३ मा क्षमता विकास तालिम सम्पन्न भएको ।

✓ सार्वजनिक सेवा प्रवाहका लागि कार्यालयमा विद्युत ब्याकअप, प्रोजेक्टर र फर्निचरको व्यवस्था भएको ।

✓ गाउँपालिका, वडा कार्यालय तथा स्वास्थ्य चौकिहरुमा बिद्युतिय हाजिरीको व्यवस्था मिलाईएको ।

✓ मालिका गा.पा. कार्यसम्पादन मुल्याङ्कनमा प्रथम भएको ।

✓ उपभोक्ता समितिहरुको विकास निर्माणका कार्यहरुको सामाजिक परिक्षण, सार्वजनिक परिक्षण लाई प्रभावकारी कार्यान्वयनमा लैजान सिफारिस गरिएको ।

✓ सुशासनका सम्बन्धमा कार्यपालिकालाई सिफारिस गरिएको ।

**समस्याहरु :**

➢ भौगोलिक विकटता /विषमता

➢ साधन स्रोतको व्यवस्थापन गर्ने, ( आर्थिक स्रोत-बजेट, मानवसंशाधन) को अभाव

➢ प्राप्त मानवसंशाधनमा दक्षता अभिवृद्धि गर्न उचित तालिम/प्रशिक्षणको कमजोर अवस्था।

➢ सेवा प्रदायक पदाधिकारी तथा कर्मचारीमा अनुशासन र आचरण पूर्ण पालना गरुन नसकिनु ,

➢ सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनाको गोपनियता कायम हुन नसकेको ।

➢ नागरिकको बढ्दो आवश्यकता परिपुर्ति गर्न बजेट तथा अन्य व्यवस्थापनको कमजोर अवस्था,

➢ विषयगत समितिको बैठक नियमित रुपमा बस्न नसक्नु,

➢ वडा कार्यालयमा C.C क्यामेरा बिग्रेको ईन्भटर, प्रिन्टर विजुलीको वैकल्पिक व्यवस्था हुन नसक्दा नियमित सेवा प्रवाहमा समस्या सिर्जना भएको ।

- वडा कार्यालयहरुमा फर्निचर अभाव रहेको ।
- वडा कार्यालयहरुमा घेरावारको व्यवस्था नहुनु।

**सुझावहरुः**

- ✓ वार्षिक योजना तथा बजेट विनियोजन नियमित रुपमा कार्यान्वयन भएका छन् र थप प्रभावकारिताको लागि आवधिक तथा रणनीतिक योजना निर्माण गर्नुपर्ने ।
- ✓ सेवा प्रवाहमा प्रभावकारिता ल्याउन आवश्यक मापदण्ड निर्माण गर्नपर्ने।
- ✓ जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासको लागि आवश्यक तालिम तथा अन्य कार्यक्रमहरुको व्यवस्था गर्ने ।
- ✓ खरिद प्रक्रियाको कार्यलाई पारदर्शी बनाउनुपर्ने ।
- ✓ नागरिक र सेवाग्राही गुनासोको उचित सम्बोधन हुनुपर्ने ।
- ✓ योजना निर्माण प्रक्रियालाई पारदर्शी र वस्तुनिष्ठ बनाईनुपर्ने
- ✓ वडा नं.२ र ५ मा शाखा कार्यालय स्थापना गर्न सिफारिस गर्ने ।
- ✓ प्रत्येक वडामा मेलमिलापकर्ता लाई व्यवस्थित गर्नुपर्ने।

**निष्कर्ष :-**

यस मालिका गाउँपालिकाबाट नागरिकहरुलाई सुशासनको प्रत्याभुति दिलाउन विभिन्न रचनात्मक कार्यक्रमहरु पहिचान गरी कार्यान्वयन गर्दै लैजानुपर्ने देखिन्छ ।पदाधिकारी तथा कर्मचारीहरुको लागि आवश्यक क्षमता अभिवृद्धि तालिम, नीति निर्माण जस्ता पक्षको प्रयाप्त व्यवस्था हुन सकेमा सुशासन तथा संस्थागत क्षमता विकासमा थप गुणस्तर आउन सक्ने अपेक्षा गर्न सकिन्छ ।

**धन्यवाद !**